पोखरा उपत्यका साइडसिन घुम्न जाऊँ
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन १ गते बिहीबार ❑ 13 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## लुम्बिनी र गण्डकी प्रदेश सरकारका २१ बुँदे साझा प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, ३० माघ

लुम्बिनी र गण्डकी प्रदेश सरकारले दुवै प्रदेशको रणनीतिक विकास र समृद्धिका लागि २१ बुँदे साझा प्रतिबद्धता व्यक्त गरेको छ।

लुम्बिनी प्रदेश सरकारको आयोजनामा पाल्पाको ऐतिहासिक एवं पर्यटकीय गन्तव्य रानीमहलमा बुधबार सम्पन्न अन्तर प्रदेशस्तरीय बैठकले उक्त प्रतिबद्धता व्यक्त गरेको हो। संविधानको धारा ५६, २३३, अनुसूची ६ र ९ मा उल्लेखित व्यवस्थाअनुसार लुम्बिनी र गण्डकी प्रदेशको समग्र विकासका सवाल, साझा सम्भावनाहरू संयुक्त रुपमा सम्बोधन गर्ने उद्देश्यले पहिलो पटक लुम्बिनी प्रदेश सरकारले बैठकको आयोजना गरेको थियो। बैठकले दुवै प्रदेशका विभिन्न विकास योजनालाई संयुक्तरूपमा अगाडि बढाउने प्रतिबद्धता गरिएको छ। दुई प्रदेशका बीचमा हवाइ सेवा विस्तार एवं नियमित रुपमा सञ्चालन गर्न सरकारी तथा निजी क्षेत्रका हवाइ सेवा प्रदायक कम्पनीमार्फत नेपालगञ्ज-जोमसोम र भैरहवा-जोमसोम हवाई सेवा विस्तार पहल गर्ने प्रतिबद्धता गरिएको छ। अन्तरप्रदेश सडक सञ्जाल विस्तारका लागि लुम्बिनी-लोमान्थाङ (लुम्बिनी-मुक्तिनाथ) सिल्क रोड, लुम्बिनी-त्रिवेणी-दुम्कीबास सडक, गैँडाकोट-कालिगण्डकी कोरिडोर तथा अन्य सडक स्तरोन्नति तथा विस्तार गर्न प्राथमिकताका साथ कार्यान्वयन प्रकृया अगाडी बढाउने उल्लेख गरिएको छ। सिद्धार्थ राजमार्गको पोखरा-बुटवल खण्डलाई दुई लेनमा विस्तार गर्न, एकीकृत विकासको अवधारणा अनुरुप आर्थिक वृद्धिका सम्भावनाका क्षेत्र (भरतपुर-बुटवल-पोखरा) लाई समेटी सङ्घीय सरकारबाट



प्रस्तावित गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयन गर्न सङ्घीय सरकारलाई अनुरोध गर्ने प्रतिवद्धता गरिएको छ।

प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र स्थानीय उत्पादन तथा रोजगारी सृजना हुने गरी आगामी आर्थिक वर्षमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने भनिएको छ। कृषि तथा पशुपन्छी उत्पादनलाई बजारसम्म पुऱ्याउन पूर्वाधार निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने र कालीगण्डकी करिडोरलाई आर्थिक केन्द्रको रूपमा विकास गर्दै हिमाली तथा पहाडी उत्पादनलाई तराई र सीमापार बजारसम्म पुऱ्याइने प्रतिबद्धता पत्रमा उल्लेख छ।

दुबै प्रदेशमा उत्पादित कृषि तथा वनजन्य जडीबुटी प्रशोधन गर्न निजी क्षेत्रसँग सहकार्य गर्दै ब्याज अनुदान दिने नीति ल्याइनेमा सहमति जनाइएको छ। पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिँदै लुम्बिनी-पोखरा-मुक्तिनाथलाई मुख्य पर्यटन मार्गका रूपमा विकास गरिने र गण्डकी प्रदेशले एकीकृत सूचना प्रणालीसहितको प्रविधि विकास गर्ने प्रतिबद्धता जनाएको छ। त्रिवेणी देवघाट, रुरु क्षेत्र, मुक्तिनाथलगायत धार्मिक क्षेत्रको विकासमा संयुक्त लगानी गरिने, गोरखा-तनहुँ-स्याङ्जा-पाल्पा-गुल्मी-प्यूठान-रोल्पा मगर सांस्कृतिक पदमार्ग विस्तार गर्ने साझा प्रतिबद्धतामा छन्।

लुम्बिनी प्रदेशको लुम्बिनीमा बुद्ध सर्किट (तिलौराकोट-लुम्बिनी-रामग्राम)को विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन र गण्डकी प्रदेशका मनास्लु, अन्नपूर्ण, मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रुपमा विकासका लागि दुबै प्रदेशले एकीकृत पर्यटनको विकास प्रवर्द्धनमा जोड दिने भनिएको छ। चितवन, बाँके, बर्दिया, मनास्लु, अन्नपूर्ण र ढोरपाटनलाई समेटेर पर्यटकीय सर्किट बनाउने साझा प्रतिबद्धता व्यक्त गरिएको छ। औद्योगिक क्षेत्र विस्तारका लागि मोतिपुर औद्योगिक क्षेत्र र लोकाहा खोला औद्योगिक क्षेत्रको उपयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने सहमति गरिएको छ।

खानी तथा खनिज उद्योग विस्तार गर्दै प्राकृतिक स्रोतजन्य उत्पादनको व्यवस्थापन र बजार सुनिश्चितता गरिने भएको छ। जलविद्युत् तथा ठूला बहुउद्देश्यीय आयोजना सञ्चालन गर्न आपसी समझदारी कायम गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ।

नदीजन्य पदार्थको कर प्रणालीमा एकरूपता ल्याइने, सार्वजनिक यातायात भाडादरलाई सम्भव भएसम्म एउटै बनाउने तथा दुर्घटना न्यूनीकरणका लागि गति नियन्त्रण, मादकपदार्थ सेवन जाँच, चालक प्रशिक्षणलगायत कार्यक्रम सञ्चालन गरिने भनिएको छ। रामपुर-चापाकोट एकीकृत सहरी विकास आयोजना कार्यान्वयन गर्न सङ्घीय सरकारलाई सिफारिस गर्ने, ऐतिहासिक सम्पदाको प्रवर्द्धन गर्दै रानीमहल क्षेत्रमा जलाशयसहितको पर्यटकीय पूर्वाधार विकासमा दुवै सरकारले सहकार्य गर्ने उल्लेख छ। संयुक्त बैठकलाई निरन्तरता दिँदै आगामी बैठक गण्डकी प्रदेशमा आयोजना गरिने निर्णय गरिएको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताउनुभयो। उहाँले अन्तर प्रदेश साझा सरोकारको विषय सामूहिक एजेण्डा बन्नुपर्ने आवश्यकता औँल्याउनुभएको थियो। सडक पूर्वाधार, हवाइ यातायात, सुरक्षा, कृषि, पर्यटनलगायत साझा सरोकारका विषयलाई प्राथमिकमा राखेर अघि बढ्न जरुरी रहेको उहाँले बताउनुभयो। सुनौली नाका हुदै भित्रीने भारतीय पर्यटकलाइ पोखरासम्म पुऱ्याउने बारेमा पनि साझा योजना आवश्यक पर्ने बताउँदै उहाँले सिद्धार्थ राजमार्गको विस्तार, बसाइँसराइका कारण पहाडहरु रित्तिन थालेको विषय दुई प्रदेशको साझा सरोकारभित्र पर्ने धारणा राख्नुभयो। बैठकमा लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य, दुवै प्रदेशका अर्थ र पर्यटन मन्त्री नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रमुख सचिव र सचिवहरू सहभागी हुनुहुन्थ्यो।

## सरकारले भ्रष्टाचार न्यूनीकरण र सुशासनका लागि काम गर्नुपर्छ : अध्यक्ष लिङ्देन

**पोखरापत्र संवाददाता**
दमौली, ३० माघ

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले वर्तमान सरकारले भ्रष्टाचार न्यूनीकरण र सुशासनका पक्षमा काम गर्नुपर्ने बताउनुभएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी तनहुँले दमौलीमा बुधबार आयोजना गरेको कार्यकर्ता भेटघाटमा अध्यक्ष लिङ्देनले दुई ठूला पार्टी मिलेर सरकार बनेपछि जनभावना अनुसारको काम गर्नेतर्फ ध्यान जानुपर्ने बताउनुभयो।

अध्यक्ष लिङ्देनले वर्तमान सरकारले मूल्यवृद्धि नियन्त्रण, रोजगारी सिर्जना लगायतका क्षेत्रमा काम गर्नुपर्ने बताउनुभयो। सरकारले जनभावनाअनुसार काम गर्दै जनताको मन जित्न सक्नुपर्नेमा उहाँको जोड थियो। उहाँलेभन्नुभयो,"अहिलेसिमेन्टमा मूल्यवृद्धि भएको छ। मूल्यवृद्धि तत्कालै फिर्ता लिनुपर्छ।" अध्यक्ष



लिङ्देनले राप्रपाप्रति जनताको आकर्षण बढेको दाबी गर्दै देशभर पार्टी प्रवेशको लहर चलेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "अहिले पार्टीमा प्रवेश कार्यक्रम दिनदिनै भइरहेको छ। बिहानदेखि रातिसम्म प्रवेश कार्यक्रम भइरहेको छ। यो पार्टीप्रतिको विश्वास हो।"

अध्यक्ष लिङ्देनले पार्टीमा प्रवेश गरेकाले कहिल्यै पनि पश्चाताप गर्न नपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "पार्टी प्रवेश गरेकाहरूले कहिल्यै गलत गरिएछ भन्ने आभाष हुन दिइनेछैन।" अध्यक्ष लिङ्देनले सरकार बन्नुअघि दुई ठूला पार्टीले संविधान संशोधनको कुरा गर्दा आफूहरूलाई ठिकै लागेको बताउँदै थप्नुभयो, "संविधानमा नमिलेका थुप्रै कुराहरू छन्। जसले गर्दा देशमा स्थिरता पनि हुँदैन, विकास पनि हुँदैन। संविधान संशोधन गर्नैपर्ने छ।"

## शारीरिक यातना दिँदा तीन विद्यार्थी घाइते

**पोखरापत्र संवाददाता**
दमौली, ३० माघ

तनहुँको भिमाद नगरपालिका-६ शान्तिनगरस्थित प्रभात एकेडेमी बोर्डिङ स्कूलका शिक्षिकाको यातनाबाट तीन जना विद्यार्थी घाइते भएका छन्।

विद्यालयकी शिक्षिका एवं लेखापाल सोही ठाउँ बस्ने ३४ वर्षीया सुष्मा श्रेष्ठले यातना दिँदा कक्षा ४ मा अध्ययनरत तीन जना विद्यार्थी घाइते भएका हुन्। कक्षाकोठामा होहल्ला गरेको भनी सजाय दिने क्रममा श्रेष्ठले तातो पन्यु हान्दा तीन जना विद्यार्थी घाइते भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक राजु अधिकारीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "एक जना बालकलाई खाना पकाउने तातो पन्युले गालामा डाम्दा घाइते भएको भनि सामाजिक सञ्जालमा प्रशारण भएको थियो। सो सम्बन्धमा बुझ्दा अन्य दुई जना पनि पीडित भएको खुल्न आएको छ," अधिकारीले भन्नुभयो।बालकहरूकोअभिभावकबाट जाहेरी लिई निज लेखापाल एवं शिक्षिका सुष्मा श्रेष्ठलाई बुधबार नियन्त्रणमा लिइ बालबालिका विरूद्धको कसुरमा तनहुँ जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक अधिकारीले बताउनुभयो।

## ६७ सामुदायिक वनमा पर्यापर्यटन, दुई सय २८ हरित उद्यान

**पोखरापत्र संवाददाता**
पोखरा, ३० माघ

गण्डकी प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयले यहाँका ६७ सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ।


पर्यटकीय गतिविधिका माध्यमबाट स्थानीयस्तरमा आयआर्जन र रोजगारी सिर्जना गर्ने उद्देश्य लिइएको मन्त्रालयले जनाएको छ। जैविक विविधताको संरक्षणसँगै सामुदायिक वन क्षेत्रभित्र पर्यटकीय गन्तव्यको विकास गर्न उक्त कार्यक्रम प्रभावभारी हुने ठानिएको छ। मन्त्रालयका सूचना अधिकारी राजेश पौडेलले प्रदेश सरकार स्थापना भएयता ६७ सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धनका गतिविधि सञ्चालन गरिएको जानकारी दिनुभयो। मन्त्रालयको वार्षिक बजेट र कार्यक्रमअन्तर्गत छनोट भएका सामुदायिक वनले पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्ने गरेका छन्। कार्यक्रमबाट पर्यापर्यटन प्रवर्द्धनसँगै वनको दिगो व्यवस्थापन र संरक्षणमा टेवा पुग्ने सूचना अधिकारी पौडेलले बताउनुभयो।

पर्यापर्यटनअन्तर्गत सामुदायिक वन क्षेत्रभित्र हरित उद्यान, पदमार्ग निर्माण, पोखरी संरक्षणलगायत कार्य हुँदै आएका छन्। सामुदायिक वनलाई खाली घाँस दाउरामा मात्र सीमित नगरेर नयाँ उद्यम र आम्दानीसँग जोड्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालनमा ल्याइएको मन्त्रालयले जनाएको छ। वन पैदावारको उत्पादनसहित वातावरणीय सेवाको प्रवर्द्धन गरी पर्यापर्यटनका गतिविधि सञ्चालन भइरहेको हो। सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय सदस्य प्रेम लामिछानेले पर्यापर्यटन प्रवर्द्धन सुरू भएपछि सामुदायिक वनमा आम्दानीको नयाँ बाटो खुलेको बताउनुभयो। "पहिले सामुदायिक वनमा अन्य गतिविधि गर्न बन्देज थियो, अहिले पर्यापर्यटन सञ्चालन भएपछि स्थानीय उपभोक्ता आयआर्जनमा जोडिएका छन्, वनमा आधारित नयाँ पर्यटकीय गन्तव्यको विकास भइरहेको छ", उहाँले भन्नुभयो, "वन उद्यमसँगै पर्यटन प्रवर्द्धनका गतिविधि बढ्न थालेका छन्, यसबाट वन व्यवस्थापनमा पनि सहयोग पुगिरहेको छ।" सामुदायिक वनले समूह, सहकारी, निजी क्षेत्रलगायतसँगको साझेदारीमा पनि पर्यापर्यटन व्यवसाय सञ्चालन गर्दै आएको केन्द्रीय सदस्य लामिछानेले बताउनुभयो।

पर्यापर्यटनमा लगानी र क्षमता विकासमा राज्यले जोड दिनुपर्ने उहाँको भनाइ छ। मन्त्रालयले हरित उद्यान निर्माणलाई प्राथमिकता दिएको छ। प्रदेशका विभिन्न स्थानीय तहमा गरी दुई सय २८ वटा हरित उद्यान निर्माण गरिएको छ। पर्यटकीय पूर्वाधारसहित हरित उद्यान निर्माणमा प्रदेश सरकारले वर्सेनि लगानी गर्दै आएको छ।

मन्त्रालयले पुराना चौतारा, पोखरा संरक्षण अभियान पनि सुरू गरेको छ। हालसम्म ७६ वटा चौतारोको सौन्दर्यीकरण गरिएको सूचना अधिकारी पौडेलले जानकारी दिनुभयो।

हरियाली प्रवर्द्धन, दैनिक जीवनयापन तथा क्षतिग्रस्त भूमि संरक्षणका लागि करिब दुई हजार एक सय हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको उहाँको भनाइ छ। मन्त्रालयले फर्निचर, जडीबुटी प्रशोधन केन्द्रलगायत वनजन्य उद्यम स्थापनामा पनि लगानी गर्दै आएको छ। हालसम्म १० दशमलव ३ हेक्टर वन अतिक्रमण नियन्त्रण गरिएको जनाइएको छ। चार हजार दुई सय ५० वन्यजन्तुको उद्धार गरिएको छ। वन्यजन्तुका कारण बालीनालीको क्षति व्यहोरेका किसानलाई रू नौ करोड ६० लाख राहत वितरण गरिएको छ। मन्त्रालयले जलाधार तथा सिमसार व्यवस्थापन, राष्ट्रिय वन विकास तथा व्यवस्थापन, ताल संरक्षण, वन अनुसन्धान, वातावरणको जगेर्नालगायत क्षेत्रमा काम गर्दै आएको छ।



# आहा रारा पोखरा गोल्डकपमा पुलिस क्लब फाइनलमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, ३० माघ

विभागीय नेपाल पुलिस क्लब पोखरामा सञ्चालन भइरहेको राष्ट्रिय तथा अन्तरराष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

पोखरा रङ्गशालास्थित फुटबल मैदानमा बुधबार सम्पन्न पहिलो सेमिफाइनल खेलमा चर्च ब्वाइज युनाइटेड फुटबल क्लबलाई १-० गोल अन्तरले हराउँदै पुलिस उपाधि नजिक पुगेको हो। यससँगै पुलिस ११औँ पटक फाइनल प्रवेश गर्न सफल भएको छ। पहिलो हाफको खेल गोल रहित बराबरीमा सकिएकामा खेलको ५८औँ मिनेटमा पुलिसका सञ्जिव लामाले उत्कृष्ट गोल गर्दै टोलीलाई अग्रता दिए। पेनाल्टी बक्सको बाहिरबाट सञ्जिवको कडा प्रहारलाई चर्चका गोलकिपर टिकेन्द्र थापाले रोक्ने मौकानै पाएनन्। लामाले गरेको एक मात्र गोल खेलमा निर्णायक बन्यो र पुलिसले फाइनलमा स्थान



बनाउन सफल भयो। पुलिस आहा राराको सर्वाधिक उपाधि जित्ने टोली हो। पुलिसले हालसम्म ६ पटक उपाधि चुमेको छ। पुलिसले आगामी फागुन ३ गते उपाधिका लागि थ्रीस्टार क्लब र उज्वेकिस्तानको ब्ल्याक बुल्स एफसीबिचको भोली हुने खेलको विजेतासँग खेल्नेछ। सहारा क्लब पोखराको आयोजनामा यही माघ २२ गतेदेखि सञ्चालन भएको प्रतियोगिताको च्याम्पियन टोलीले नगद रू १२ लाख सहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार पाउनेछन्। यसैगरी उपविजेताले रू छ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार पाउने आयोजकले जनाएको छ। यसैगरी प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले स्कुटर पुरस्कार प्रदान गरिने छ। प्रतियोगितामा विधागत रूपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, गोलरक्षक, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकले जनही रू २५ हजार नगदसँगै ट्रफी पुरस्कार पाउने छन्।

# सुदूरपश्चिम र गण्डकी प्रदेशका प्रमुखबीच भेट

रासस
काठमाडौं, ३० माघ

सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँ र गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टबीच भेटवार्ता भएको छ।

दुवै प्रदेश प्रमुखबीच सुदूरपश्चिम प्रदेश प्रमुख कार्यालय धनगढीमा भेटवार्ता भएको हो। उहाँहरूबीच संविधानले दिएको अधिकारको दायरामा रहेर अन्तर प्रदेश समन्वर्य, असल र राम्रा कामअनुसरण गर्नेलगायत विषयमा कुराकानी भएको सुदूरपश्चिम प्रदेश प्रमुखको कार्यालयले जनाएको छ।

गण्डकी प्रदेश प्रमुख भट्टलाई सुदूरपश्चिम प्रदेश



प्रमुख कार्यालयमा स्वागत गर्दै प्रदेश प्रमुख मियाँले मायाको चिनो प्रदान गर्नुभएको थियो।

त्यस अवसरमा सुदूरपश्चिम प्रदेशबाट प्रदेशको कार्यालयका प्रमुख नवराज ढुङ्गाना, प्रमुख स्वकीय सचिव साबिर अली लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो।

# पाँच हजार रोपनीमा चाक्लाबन्दी खेती

पोखरापत्र संवाददाता
पोखरा, ३० माघ

गण्डकी प्रदेशका विभिन्न जिल्लामा गरी पाँच हजार चार सय रोपनी जग्गामा चाक्लाबन्दी खेती गरिएको छ।

नौ जिल्लाका २८ स्थापनामा जग्गा चाक्लाबन्दी गरी व्यावसायिक कृषि उत्पादन सुरु गरिएको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले जनाएको छ। उक्त कार्यक्रममार्फत सात कृषक समूह/कृषि सहकारीलाई कृषियन्त्र र उपकरण खरिदमा सहयोग गरिएको मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ शशी अधिकारीले जानकारी दिनुभयो।

मन्त्रालयको भूमि स्रोत नक्साङ्कन महाशाखाका अनुसार कास्की, तनहुँ, बागलुङ, गोरखा, मुस्ताङ, लमजुङ, स्याङ्जा, नवलपुरलगायत जिल्लामा जग्गा चाक्लाबन्दी कार्यक्रम सञ्चालन भइरहेको छ। गत आवमा लमजुङ र गोरखामा पाँच सय रोपनी जग्गा चाक्लाबन्दी गरी व्यावसायिक कृषि खेती सुरु गरिएको थियो। मन्त्रालयले नमूना कार्यक्रमका रुपमा उक्त कार्यक्रम सञ्चालन गरिरहेको हो। चालु आवमा पनि उक्त कार्यक्रम निरन्तरताका लागि प्रस्ताव आह्वान गर्ने तयारी भइरहेको वरिष्ठ कृषि अर्थविज्ञ अधिकारीले बताउनुभयो।

"यस वर्ष मापदण्ड संशोधन भएको छ, अब स्थान छनोटको काम अगाडि बढ्छ", उहाँले भन्नुभयो, "कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि जग्गा चाक्लाबन्दी कार्यक्रम सञ्चालन गरिएको हो।" छरिएर रहेको कृषियोग्य भूमिलाई एकीकरण गरी कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रीकरणमार्फत उत्पादन लागत घटाउन जग्गा चाक्लाबन्दी कार्यक्रम प्रभावकारी भएको मन्त्रालयले जनाएको छ। लागत अनुमानका अधारमा चाक्लाबन्दीका लागि ९० प्रतिशतसम्म अनुदान दिने गरिएको छ। दश प्रतिशत लगानी किसान आफैंले गर्नुपर्ने प्रावधान छ। चाक्लाबन्दीका लागि ५० रोपनीभन्दा बढी जग्गा हुनुपर्ने वरिष्ठ कृषि अर्थविज्ञ अधिकारीले बताउनुभयो। वर्षौंदेखि बाँझो रहेका जग्गामा समेत चाक्लाबन्दीपछि व्यावसायिक खेती गर्न थालिएको छ। मन्त्रालयले बर्सेनि चाक्लाबन्दी कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको छ। खण्डीकृत र वर्षौंसम्म बाँझो रहेको जग्गामा चाक्लाबन्दी कार्यक्रम सुरु भएपछि किसान लाभान्वित बनेका हुन्। बागलुङको निलुवा, ढोरपाटनलगायत क्षेत्रमा वर्षौंदेखि बाँझो पल्टिएका जग्गामा चाक्लाबन्दी खेती सुरु भएको छ। चाक्लाबन्दी गरिएका जग्गामा अन्नबाली, तरकारी, फलफूललगायतका खेती भइरहेको मन्त्रालयले जनाएको छ। प्रदेश सरकारले खेती विस्तार, सिँचाइलगायतमा पनि सहयोग गर्नुपर्ने किसानको माग छ।

# नेकपा माओवादी केन्द्र बागलुङ-पोखरा सम्पर्क समन्वय समितिको अध्यक्षमा शर्मा

पोखरापत्र संवाददाता
काठमाडौं, ३० माघ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बागलुङ-पोखरा सम्पर्क समन्वय समितिको अध्यक्षमा कुलचन्द्र शर्मा चयन भएका छन्।

समितिको पोखरामा सम्पन्न प्रथम अधिवेशनले शर्माको अध्यक्षतामा ४१ सदस्यीय कार्य समिति सर्वसम्मत चयन गरेको हो। समन्वय समितिको उपाध्यक्षहरुमा छमकुमारी बस्नेत, प्रेमबहादुर रोका, रञ्जना राई, सचिवमा कुलबहादुर बुढा (प्रेम) कोषाध्यक्षमा पवित्रा थापा र सहसचिवमा रविनकुमार विश्वकर्मा चयन भए।

त्यस्तै, सदस्यहरुमा रिम पुन, होमनाथ शर्मा, नन्दलाल शर्मा,



लक्ष्मीप्रसाद आचार्य, देवान श्रीस, काशिराम पौडेल, निरज कँडेल, विष्णु बस्नेत, कुलचन्द्र थापा खिम, जगत विक, अरबिन थापा, निर्मल श्रीस, नरेन्द्र घर्ती, चम्पा छन्त्याल, आयुष सुनार, याम अधिकारी, माया सुनार, भविकला घर्ती, टेकबहादुर घर्ती, विरेन रसाइली, नारायण श्रीपाली, उमेश घर्ती, करुणा श्रेष्ठ, कोपिला बलामी, प्रकाश मल्म, मनिष पुन, महेश घर्ती र प्रमिला विक चयन भएको नवनिर्वाचित अध्यक्ष कुलचन्द्र शर्माले जानकारी दिए।

यसैबीच, नवनिर्वाचित समितिको बैठकले सल्लाहकार हरुमा मनबहादुर थापा, रामप्रसाद पाण्डे, निलप्रसाद श्रेष्ठ, हर्कबहादुर पाण्डे, दलबहादुर थापा, प्रा। डा। रविन्द्र श्रेष्ठ र रामबहादुर कार्कीलाई चयन गरेको उनले जानकारी दिए। सपथग्रहण कार्यक्रममा बोल्दै नवनिर्वाचित अध्यक्ष शर्माले बागलुङ पोखरा सम्पर्क समन्वय समितिलाई वैचारिक, सगठनात्मक र सामाजिक हिसाबले अब्बल बनाएर माओवादी पार्टीलाई जनजन र मनमनमा बस्ने बनाउन लाग्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका केन्द्रीय सचिव तथा गण्डकी प्रदेश इन्चार्ज दिनानाथ शर्मा, कास्की इन्चार्ज नेत्रनाथ अधिकारी, बागलुङ इन्चार्ज चन्द्रबहादुर बुढा सागर, केन्द्रीय सदस्य कृष्ण केसी, प्रदेश अध्यक्ष गायत्री गुरुङलगायतले बोलेका थिए।


## हार्दिक बधाई



सु. इन्द्रबहादुर गुरुङ

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन तमु समाजको ५३ औं वार्षिकोत्सव तथा १८औं अधिवेशनबाट हाम्रा आदरणीय दाजु **सु. इन्द्रबहादुर गुरुङ** अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं।

प्रो. बद्रीनारायण श्रेष्ठ
भद्रकाली ग्रिल उद्योग
गौंडाकोमुख, भद्रकाली चोक-१३, पोखरा
मो. ९८५६०२१८४३


# स्कुलबस दुर्घटना हुँदा तीन जनाको मृत्यु, ४० घाइते

रासस
काठमाडौं, ३० माघ

काठमाडौंको शंखरापुर नगरपालिका-५ कात्तिकेस्थित साँखु-नगरकोट सडकखण्डमा बुधबार साँझ स्कुल बस दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ। अन्य ४० घाइते भएको प्रहरीले जनाएको छ।

चावहिलस्थित एसएस एकेडेमीले रिजर्भ गरेको बा २ ख ७९५८ नम्बरको सुन्दरीमाई यातायातको बस ब्रेक फेल भइ अनियन्त्रित हुँदा दुर्घटना भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो।

बनभोज खाएर नगरकोटबाट साँखुतर्फ आउँदै गरेको उक्त रिजर्भ बस साँझ ५ बजेतिर दुर्घटना भएको हो। दुर्घटनाको अन्य विस्तृत विवरण आउन बाँकी रहेको र अहिले पनि उद्धार भइरहेको प्रहरीले जनाएको छ।

# अन्तरराष्ट्रिय फुटबलमा भाग लिन नेपाली टोलीकी कप्तान काठमाडौंमा

रासस
काठमाडौं, ३० माघ

चार देश सम्मिलित अन्तरराष्ट्रिय महिला फुटबल प्रतियोगितामा सहभागिता जनाउन नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान एन्जिला तुम्बापो सुब्बाा बुधबार स्वदेश फर्किएकी छिन्।

आगामी फागुन ५ देखि १४ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिताको लागि व्यावसायिक फुटबल खेल्न ग्रिस पुगेकी तुम्बापो मंगलबार काठमाडौं आइपुगेकी हुन्। ग्रीसको शीर्ष श्रेणीको क्लब निस अट्रोमिटौबाट उनी खेल्दै आएकी छिन्। यसैगरी व्यावसायिक फुटबल खेल्न फ्रान्समा रहेकी सावित्रा भण्डारी 'साम्बा' र साउदीमा रहेकी रेखा पौडेल केहीन दिनभित्र यहाँ आइपुग्ने अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहले जानकारी दिनुभयो। पहिलो पटक आयोजना गर्न लागिएको उक्त प्रतियोगितामा नेपालसहित कीर्गिस्तान, म्यानमार र लेबनानको सहभागिता रहनेछ।

उक्त प्रतियोगिताको टिकेटिङ राइट रु एक करोड ३५ लाख र ब्रोडकास्टिङ राइट रु ६६ लाखमा बिक्री गरिएको एन्फाले जनाएको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने उक्त प्रतियोगिताको टिकट दर भिआइपीतर्फ रु एक हजार र साधारण प्यारापिटतर्फ रु पाँच सय तोकिएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनाबाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ।

\- प्रेमचन्द

## सम्पादकीय

# अन्तर प्रदेश बैठक

गण्डकी र लुम्बिनी अन्तर प्रदेश बैठक सम्पन्न भएको छ। दुवै प्रदेशका मुख्यमन्त्री सहित टोलीले साझा विषयमा धारणा र सहकार्य गरेर जाने सहमति गरेका छन । पुर्वाधार, कृषि, पर्यटन र यातायात लगायत सहकार्य गर्ने सहमति भएको छ। लुम्बिनी प्रदेशको पर्यटकीय स्थल रानी महलमा भएको अन्तर प्रदेश बैठक बसेर विकासका लागि दुवै पक्ष सहकार्य गर्न तत्पर भएका छन ।-लुम्बिनी-रामग्राम को विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन र गण्डकी प्रदेशका मनास्लु, अन्नपूर्ण, मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रुपमा विकासका लागि दुबै प्रदेशले एकीकृत पर्यटनको विकास प्रवर्द्धनमा जोड दिने भनिएको छ । चितवन, बाँके, बर्दिया, मनास्लु, अन्नपूर्ण र ढोरपाटनलाई समेटेर पर्यटकीय सर्किट बनाउने साझा प्रतिबद्धता व्यक्त गरिएको छ। औद्योगिक क्षेत्र विस्तारका लागि मोतिपुर औद्योगिक क्षेत्र र लोकाहा खोला औद्योगिक क्षेत्रको उपयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने सहमति गरिएको छ। खानी तथा खनिज उद्योग विस्तार गर्दै प्राकृतिक स्रोतजन्य उत्पादनको व्यवस्थापन र बजार सुनिश्चितता गरिने भएको छ। जलविद्युत् तथा ठूला बहुउद्देश्यीय आयोजना सञ्चालन गर्न आपसी समझदारी कायम गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ।

नदीजन्य पदार्थको कर प्रणालीमालुम्बिनी प्रदेशको लुम्बिनीमा बुद्ध सर्किट (तिलौराकोट-लुम्बिनी-रामग्राम) को विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन र गण्डकी प्रदेशका मनास्लु, अन्नपूर्ण, मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रुपमा विकासका लागि दुबै प्रदेशले एकीकृत पर्यटनको विकास प्रवर्द्धनमा जोड दिने भनिएको छ। चितवन, बाँके, बर्दिया, मनास्लु, अन्नपूर्ण र ढोरपाटनलाई समेटेर पर्यटकीय सर्किट बनाउने साझा प्रतिबद्धता व्यक्त गरिएको छ । औद्योगिक क्षेत्र विस्तारका लागि मोतिपुर औद्योगिक क्षेत्र र लोकाहा खोला औद्योगिक क्षेत्रको उपयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने सहमति गरिएको छ। खानी तथा खनिज उद्योग विस्तार गर्दै प्राकृतिक स्रोतजन्य उत्पादनको व्यवस्थापन र बजार सुनिश्चितता गरिने भएको छ । जलविद्युत् तथा ठूला बहुउद्देश्यीय आयोजना सञ्चालन गर्न आपसी समझदारी कायम गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ । नदीजन्य पदार्थको कर प्रणालीमा एकरूपता ल्याइने, सार्वजनिक यातायात भाडादरलाई सम्भव भएसम्म एउटै बनाउने तथा दुर्घटना न्यूनीकरणका लागि गति नियन्त्रण, मादकपदार्थ सेवन जाँच, चालक प्रशिक्षणलगायत कार्यक्रम सञ्चालन गरिने भनिएको छ।

रामपुर-चापाकोट एकीकृत सहरी विकास आयोजना कार्यान्वयन गर्न सङ्घीय सरकारलाई सिफारिस गर्ने, ऐतिहासिक सम्पदाको प्रवर्द्धन गर्दै रानीमहल क्षेत्रमा जलाशयसहितको पर्यटकीय पूर्वाधार विकासमा दुवै सरकारले सहकार्य गर्ने उल्लेख छ। संयुक्त बैठकलाई निरन्तरता दिँदै आगामी बैठक गण्डकी प्रदेशमा आयोजना गरिने निर्णय गरिएको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताए। उनले अन्तर प्रदेश साझा सरोकारको विषय सामूहिक एजेण्डा बन्नुपर्ने आवश्यकता औंल्याएका छन् । सडक पूर्वाधार, हवाइ यातायात, सुरक्षा, कृषि, पर्यटनलगायत साझा सरोकारका विषयलाई प्राथमिकमा राखेर अघि बढ्न जरुरी रहेको उनले बताए । सुनौली नाका हुदै भित्रीने भारतीय पर्यटकलाइ पोखरासम्म पुर्‍याउने बारेमा पनि साझा योजना आवश्यक पर्ने बताउँदै उहाँले सिद्धार्थ राजमार्गको विस्तार, बसाइँसराइका कारण पहाडहरु रित्तिन थालेको विषय दुई प्रदेशको साझा सरोकारभित्र पर्ने धारणा राखे । बैठकमा लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य, दुवै प्रदेशका अर्थ र पर्यटन मन्त्री नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रमुख सचिव र सचिवहरू सहभागी थिए। एकरूपता ल्याइने, सार्वजनिक यातायात भाडादरलाई सम्भव भएसम्म एउटै बनाउने तथा दुर्घटना न्यूनीकरणका लागि गति नियन्त्रण, मादकपदार्थ सेवन जाँच, चालक प्रशिक्षणलगायत कार्यक्रम सञ्चालन गरिने भनिएको छ।

रामपुर-चापाकोट एकीकृत सहरी विकास आयोजना कार्यान्वयन गर्न सङ्घीय सरकारलाई सिफारिस गर्ने, ऐतिहासिक सम्पदाको प्रवर्द्धन गर्दै रानीमहल क्षेत्रमा जलाशयसहितको पर्यटकीय पूर्वाधार विकासमा दुवै सरकारले सहकार्य गर्ने उल्लेख छ। संयुक्त बैठकलाई निरन्तरता दिँदै आगामी बैठक गण्डकी प्रदेशमा आयोजना गरिने निर्णय गरिएको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताए। उनले अन्तर प्रदेश साझा सरोकारको विषय सामूहिक एजेण्डा बन्नुपर्ने आवश्यकता औंल्याएका छन् । सडक पूर्वाधार, हवाइ यातायात, सुरक्षा, कृषि, पर्यटनलगायत साझा सरोकारका विषयलाई प्राथमिकमा राखेर अघि बढ्न जरुरी रहेको उनले बताए । सुनौली नाका हुदै भित्रीने भारतीय पर्यटकलाइ पोखरासम्म पुर्‍याउने बारेमा पनि साझा योजना आवश्यक पर्ने बताउँदै उहाँले सिद्धार्थ राजमार्गको विस्तार, बसाइँसराइका कारण पहाडहरु रित्तिन थालेको विषय दुई प्रदेशको साझा सरोकारभित्र पर्ने धारणा राखे । बैठकमा लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य, दुवै प्रदेशका अर्थ र पर्यटन मन्त्री नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रमुख सचिव र सचिवहरू सहभागी थिए।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# हल गोरु पाल्ने कृषकलाई अनुदान

**पोखरापत्र संवाददाता**
तनहुँ, ३० माघ

यहाँको म्याग्दे गाउँपालिकाले गत आर्थिक वर्ष झैं यसवर्ष पनि हल गोरु पाल्ने कृषकलाई अनुदानको व्यवस्था गरेको छ।

चालु आवका लागि हल गोरु पाल्ने कृषकलाई अनुदान वितरण गर्न रु १० लाख विनियोजन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो।

गोरु पाल्ने क्रम घट्दा बाँझो जग्गा बढेपछि कृषकलाई प्रोत्साहनका लागि अनुदान उपलब्ध गराउने नीति लिइएको अधिकारीको भनाइ छ। हलगोरु पाल्ने किसानलाई प्रति हल बढीमा रु चार हजारसम्म अनुदान दिइने छ। अनुदान लिन कम्तीमा तीन वर्ष हल गोरु पाल्ने र आफैं खेत जोत्ने प्रतिबद्धतापत्र, निवेदक र हल गोरुको फोटोसहित निवेदन दिनुपर्ने प्रावधान छ । भिमाद नगरपालिकाले चालु आवको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत विभिन्न शीर्षकमा कृषकलाई अनुदान वितरण गर्ने तयारी गरेको छ।

कृषकलाई कृषि सामग्री वितरणका लागि अनुदान दिइने प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद पुनले जानकारी दिनुभयो । सबै कार्यक्रममा ५० प्रतिशतका दरले अनुदान उपलब्ध गराइने उहाँको भनाइ छ। टनेल खरिद तथा वितरणका लागि रु एक लाख, तरकारी टनेल निर्माणका लागि रु दुई लाख ५० हजार, टनेल तथा नेट वितरणका लागि रु तीन लाख ५० हजार र टनेल प्लास्टिक निर्माणका लागि रु एक लाख बजेट विनियोजन गरिएको छ।

# निजी जग्गाको 'स्लेट खानी' दर्ता गर्न कानुनी बाटो खुल्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० माघ

म्याग्दीको मालिका गाउँपालिकामा निजी जग्गामा रहेका स्लेट (ढुङ्गा) खानी दर्ता गर्ने कानुनी बाटो खुलेको छ।

दरवाङमा बुधबार भएको गाउँसभाले ढुङ्गा खानी तथा उत्खननसम्बन्धी ऐन पारित गरेपछि स्लेट खानी दर्ता गरेर सञ्चालन गर्न मिल्ने भएको हो । मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले निजी जग्गामा भएका स्लेट खानीलाई प्रक्रिया पूरा गरेर गाउँपालिकाले सञ्चालनको अनुमति दिन मिल्ने कानुनी व्यवस्था गरेको जानकारी दिनुभयो । "स्थानीय सरकारको क्षेत्राधिकारमा पर्ने निजी जग्गाको स्लेट खानीलाई व्यवस्थित र गाउँपालिकाको आम्दानीको स्रोतका रूपमा विकास गर्न कानुन निर्माण गरिएको हो", उहाँले भन्नुभयो "राष्ट्रिय र सामुदायिक वन क्षेत्रको खानीका विषयमा भने सङ्घीय र प्रदेश कानुन अनुसार प्रक्रीया पूरा गर्नुपर्छ।"

सभाबाट पारित भएको ढुङ्गा खानी तथा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन ऐन, २०८१ मा स्लेट खानी सञ्चालनसम्बन्धी व्यवस्था गरिएको हो । मालिका गाउँपालिकाको वडा नं १, २ र ३ मा घर, भवन छाउन, भुई र आगनमा बिछ्याउन प्रयोग हुने स्लेटका खानीहरू छन्।

कानुनको अभावमा स्लेट खानीहरू परम्परागत रूपमा उत्खनन् हुँदै आएका छन्। स्लेट खानीको ढुङ्गाको प्रयोग गरेर विदेशबाट टायलको आयात घटाउन सकिने सम्भावना छ । स्थानीयवासीले रोजगारी र आयआर्जनको अवसर सिर्जनाका लागि ढुङ्गा खानीलाई वैधानिकता दिन माग गर्दै आएका थिए । हरेकजसो चुनावमा उमेदवारले स्लेट खानीलाई बैधता दिने मुद्दा उठाउँदै आएका छन् । स्लेट खानी सञ्चालनको अनुमति नहुँदा उत्खनन् गरेर निकासीका क्रममा कानुनी झञ्झट हुनुका साथै गाउँपालिकाले आम्दानीको स्रोत गुमाएको थियो।

सभाले गाउँपालिका प्रहरी सम्बन्धी ऐन-२०८१ र विपन्न नागरिक आर्थिक सहायता ऐन-२०८१ पनि पारित गरेको कार्यपालिकाका प्रवक्ता अनुप गौचनले बताउनुभयो । उपाध्यक्ष लक्ष्मीदेवी घर्तीपुन, वडाध्यक्ष उदयबहादुर बुढाथोकी, टङ्कप्रसाद पुन र टकलाल पुनले सभामा प्रस्तुत गर्नुभएको विधेयक छलफल गरी सर्वसहमतिमा पारित भएको थियो।

# युवा संघ नेपालको महाधिवेशन वैशाखमा

**रासस**
काठमाडौं, ३० माघ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) निकट राष्ट्रिय युवा सङ्घ नेपालले १० औं राष्ट्रिय महाधिवेशन आगामी वैशाखमा गर्ने भएको छ।

युवा सङ्घका महासचिव सुमन पुरीले आज मातहतका जिल्ला कमिटीलाई यही माघ १३ गते बसेको केन्द्रीय कमिटी बैठकले गरेका निर्णय जानकारी गराउँदै वैशाखको अन्तिममा महाधिवेशन गर्ने निर्णय भएसँगै आवश्यक तयारी र समन्वय गर्न आग्रह गर्नुभयो। एमालेले आफ्नो भ्रातृसङ्गठनको महाधिवेशन यही चैत मसान्तभित्र सम्पन्न गर्न निर्देशन दिएको छ। उहाँले महाधिवेशन गर्नका लागि युवा सङ्घले आगामी फागुन मसान्तभित्र जिल्ला अधिवेशन सम्पन्न गर्न निर्देशन दिइएको जानकारी दिनुभयो । जिल्ला अधिवेशन समयमा सम्पन्न नगरे जिल्ला इञ्चार्जको नेतृत्वमा अधिवेशन गरिने महासचिव पुरीले बताउनुभयो । उहाँका अनुसार सङ्घले तीन जनालाई सचिवमा मनोनयन गर्ने निर्णयसमेत गरेको छ। चालीस वर्ष उमेर पुगेका स्वतः सङ्घको कार्यसमितिबाट हट्ने भएकाले तीन सचिव, एक जना सचिवालय र चार जनालाई स्थायी कमिटीमा मनोनयन गर्ने निर्णय गरेको महासचिव पुरीले जानकारी दिनुभयो । उहाँका अनुसार सचिवमा बलराम बेल्वासे, कुवेर अधिकारी र निशा लिम्बू, सचिवालय सदस्यमा सागर भट्ट र स्थायी कमिटी सदस्यमा वीरेन्द्र चौलागाईं, विक्रम गुरुङ, रेणु तामाङ र वीरेन्द्र भट्टलाई मनोनयन गरेको छ।

यस्तै युवा सङ्घले प्रदेश कमिटीको इञ्चार्ज पनि नयाँ तोकेको छ । कोशीमा निरोज पौडेल, मधेसमा मोविन आलम, बागमतीमा महेश चौलागाईं, गण्डकीमा पर्वत भण्डारी, कर्णालीमा शारदा पछाईं, सुदूरपश्चिम प्रदेशमा विनय शाह र विशेष प्रदेश कमिटी बलराम बेल्वासेलाई तोकिएको छ। यस्तै युवा सङ्घले विभिन्न ३५ विभागको विभागीय जिम्मेवार समेत हेरफेर गरेको जनाएको छ।

# केन्द्रीय प्रसारण लाइनको पहुँच अभाव हुँदा सेवा प्रभावित

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० माघ

जिल्लाको विकट तमानखोला गाउँपालिका-६ नर्जाखानीमा विद्युत् आपूर्ति नहुँदा सेवा प्रवाहमा समस्या भएको छ। नर्जाखोलाबाट सञ्चालनमा ल्याइएको लघु जलविद्युत्मा आयोजनाबाट पर्याप्त विद्युत् उत्पादन हुन नसक्दा वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रभावित बनेको हो।

हिउँदको समय खोलामा पानीको बहाव घट्ने हुँदा विद्युत् आपूर्ति हुन नसकेको हो । विद्युत् आपूर्ति नहुँदा वडा कार्यालयमा कम्प्युटर, प्रिन्टरदेखि आवश्यक सबै इलेक्ट्रोनिक सामान सञ्चालन गर्न समस्या भइरहेको भन्दै यसले सेवा प्रभाव प्रभावकारी हुन नसकेको तमानखोला-६ का वडाध्यक्ष चित्रबहादुर छन्त्यालले बताउनुभयो। कार्यालयको अधिकांश काम डिजिटल प्रविधिमार्फत गर्न सुरु गरे पनि विद्युत् आपूर्ति हुन नसक्दा हस्तलिखितबाट गर्नुपर्ने बाध्यता रहेको उहाँले गुनासो पोख्नुभयो । वडाध्यक्ष छन्त्यालले भन्नुभयो, "विद्युत् नहुँदा कार्यालयको काम सबै ठप्प हुन्छ, गाउँमा रहेको टेलिकमको टावर पनि बन्द भएर फोनसमेत गर्न पाइँदैन, सेवाग्राही आउँछन्, प्रिन्ट गरेर प्रमाणपत्र दिनुपर्ने हुन्छ, घटनाहरू दर्ता गर्नुपर्ने हुन्छ, तर विद्युत् नहुँदा समयमा सेवा दिन गाह्रो हुँदै आएको छ।"

यस वडामा नर्जाखानी, भित्रिवन र पाल्ते गरी तीन वटा बस्ती छन् । तीनवटै बस्तीमा तीनवटै साना लघु जलविद्युत् छन् । हिउँदको समयमा खोलामा पानी कम हुँदा एउटा बत्तीसमेत बाल्न गाह्रो हुने गरेको स्थानीय बताउँछन् । नर्जाखानीमा ११ किलोवाटको बराहगोठ खोला लघु जलविद्युत् आयोजना, पाल्तेमा तीन किलोवाट खालीखोला लघु जलविद्युत् आयोजना र भित्री वनमा छ किलोवाटको बराहथानखोला लघु जलविद्युत् आयोजना सञ्चालनमा छन् । यी सबै लघु जलविद्युत् आयोजनामा दिनभरि ट्याङ्कीमा पानी जम्मा गर्ने र बिहान बेलुका बत्ती मात्रै बाल्ने गरी व्यवस्थापन गरिएको आयोजना कार्यालयले जनाएका छन् । तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले केन्द्रीय प्रसारण लाइन विस्तारका लागि विद्युत् प्राधिकरणसँग सहकार्य गरेर अहिले पोल र लाइन तान्ने काम सुरु भएको जानकारी दिनुभयो। उक्त वडामा दुई सय ५० घरधुरीका एक हजार पाँच सय जनसङ्ख्या रहेको भन्दै सहज रूपमा विद्युत् आपूर्ति नहुँदा स्थानीयलाई समस्या भइरहेको उहाँको भनाइ छ।


## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**म अर्चना कुमारी शाहको लामाचौरदेखि महेन्द्रपुल जाने क्रममा माइग्रेसन सर्टिफिकेट सहित अन्य कागजपत्रको झोला हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

Name: Archana Kumari Sah

Registration No: 2018-4-74-0004

Issue No : 81430

**ठेगानाः** गिद्धा गाउँपालिका-९, धनुषा

**सम्पर्कः** ९८४५९७३४८४


# तनहुँ जलविद्युत् आयोजनाले माछा संरक्षण गर्दै

**पोखरापत्र संवाददाता**
दमौली, ३० माघ

एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको तनहुँ हाइड्रोपावर लिमिटेडको कार्यालय परिसरमा मत्स्य ह्याचरी निर्माण गरिएको छ । ऋषिङ गाउँपालिका-१ झापुटार स्थित आयोजनाको कार्यालय तथा आवास परिसरमा मत्स्य ह्याचरी निर्माण गरिएको हो।

ह्याचरीमा आवश्यक पर्ने पानी आपूर्ति गराएर माछाका नमूना सङ्कलन गरी परीक्षणका रूपमा छाडिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार आयोजनाले मादी नदी माछा संरक्षण योजना कार्यान्वयन गर्न सुरु गरिसकेको छ।

ऋषिङ-१ र व्यास नगरपालिका-५ को सिमानामा पर्ने सेती नदीमा आयोजनाले निर्माण गर्ने एक सय ४० मिटर अग्लो बाँधका कारण माछाको आवतजावत प्रभावित भई क्षति पुग्ने भएकाले यसको परिपूर्तिका लागि मादी नदीमा संरक्षण योजना सुरु गरिएको भण्डारीले उल्लेख गर्नुभयो।

"आयोजनाले निर्माण गर्ने बाँधका कारण सेती नदीको प्राकृतिक बहावमा अवरोध उत्पन्न भई मुख्य रूपमा यहाँ पाइने रैथाने असला र सहर प्रजातिका माछाको जीवन जोखिममा पर्ने देखिएको छ । यसको क्षतिपूर्ति स्वरुप मादी नदीतर्फको प्राकृतिक बहावमा माछा संरक्षण योजना कार्यान्वयनमा ल्याइएको हो", भण्डारीले भन्नुभयो । उहाँका अनुसार सेती र मादी नदीको सङ्गमस्थलबाट मादीको माथिल्लो तटीय क्षेत्रमा योजना कार्यान्वयनको पहल थालिएको हो। योजना कार्यान्वयनका लागि मादी नदीको तटसँग जोडिएका तनहुँको व्यास तथा लमजुङको मध्यनेपाल नगरपालिकाका प्रमुख, कास्कीको मादी तथा रुपा गाउँपालिकाका अध्यक्ष, तनहुँ हाइड्रोपावर लिमिटेड र बोटे समाजको प्रतिनिधि रहने गरी माछा संरक्षण समन्वय समिति गठन भइसकेको छ।

मादी नदीमा माछा संरक्षण गर्ने विषयमा स्थानीय पालिकाहरूको साझा सरोकार र साझेदारीको विषय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाबमोजिम समिति गठन गरिएको आयोजना प्रमुख भण्डारीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "बाँधका कारण यहाँ पाइने रैथाने असला र सहर प्रजातिका माछाको जीवन जोखिमा पर्ने देखिएपछि संरक्षणका लागि सेती र मादी नदीको सङ्गमस्थलबाट करिब ४५ किलोमिटर मादीको माथिल्लो तटीय क्षेत्रमा मत्स्य संरक्षण योजना कार्यान्वयनमा ल्याइएको हो।" उहाँका अनुसार व्यासका वडा नं ३, ४, ५,६, ७ र १०, मध्य नेपालका वडा नं ४, ५, ६, ७ र ८, रुपाका वडा नं १, ३ र ७ तथा मादी गाउँपालिकाका वडा नं ४, ५, ९, १०, ११ र लाई प्रभावित क्षेत्र मानिएको छ।


गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रथम पटक प्रकाशित सूचना २०८१/१०/३०

यस कार्यालयबाट मिति २०७०/०३/१८ मा कास्की जिल्ला माछापुच्छ्रे ०६ कास्कीमा संचालन गर्ने गरि धिताल ०१ कास्की निवासी विष्णु प्रसाद अधिकारीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. ९१३५/०६९/०७० को मार्दीखोला कृषि फर्म नामक फर्मको प्रोप्राईटरले मिति २०८१/१०/३० मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**

**कास्की**

# आन्तरिक पर्यटक रोजाइमा 'ग्रीन हिमालयन फार्म स्टे'

पोखरापत्र संवाददाता
तनहुँ, ३० माघ

तनहुँको भानु नगरपालिका-९ चिती खोलाका स्थानीयवासीलाई पूर्वाधार विकासले गाउँ फर्कन सहयोग पुगेको छ। चार वर्षदेखि गाउँमा फर्किएर पुरानो परम्परागत घर र बाँझो रहेको जग्गाको उपयोग गर्दै गीता अधिकारी पाण्डेले ग्रामीण उद्यमशीलतालाई अगाडि बढाउनुभएको छ।

उहाँले सञ्चालनमा ल्याउनुभएको परम्परागत र आधुनिक शैलीको मिश्रणसहित 'ग्रीन हिमालयन फार्म स्टे' ग्रामीण उद्यमशीलताको नमूना बनेको छ। यस फार्ममा परम्परागत शैलीलाई संरक्षण गर्दै आधुनिक संरचना थप गरेर फार्म स्टे सञ्चालन भइरहेको फार्म सञ्चालक अधिकारीले बताउनुहुन्छ। उहाँका अनुसार ७५ रोपनी क्षेत्रफलमा फार्म सञ्चालन गरिएको छ।

यस फार्मलाई व्यवस्थित बनाउन रु दुई करोड खर्च गरी समयको मागअनुसार आधुनिक र परम्परागत शैलीको सम्मिश्रणसहित फार्म सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो। "परम्परागत रुपमा घरलाई सिँगारिएका आधुनिक सेवा, सुविधा प्रवाह गरिने हुँदा पाहुनाको आकर्षण बढ्ने क्रम जारी छ", उहाँले भन्नुभयो, "बिदाको दिनमा खाली हुँदैन, आन्तरिक पर्यटक नै किन नहोस् यस प्रवर्द्धनमा सहयोग पुगेको छ।" यस फार्म स्टेमा परम्परागत शैलीका चिटिक्क सिँगारिएका घरहरू र आधुनिक सुविधायुक्त घरहरू निर्माण गरी पाहुनाको आकर्षणको केन्द्र बनाइएको छ। गोलो आकारको एक तले मगर घर, लिचीको बोटमुनि रहेको ट्रि हाउस र नेपालमै पहिलोपटक व्यावसायिक रूपमा निर्माण गरिएको ब्यारल घर फार्म स्टेको प्रमुख आकर्षण हुन्।

तनहुँको पुरानो बजार डुम्रेबाट करिब २० किलोमिटर टाढा अवस्थित यस फार्म ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिएको हो। फार्म स्टेले आफ्नै बारीमा उत्पादित खाद्यवस्तु मात्रै पाहुनालाई पस्कने गरेको छ। जैविक खाद्यवस्तुको उपयोग गर्दै सेवा दिने गरेको छ। "नुन, चिनी र मसलाबाहेक सबै सामग्री यही फार्ममा उत्पादन गर्छौं", फार्म सञ्चालक पाण्डेले भन्नभयो, "स्वस्थ्यवर्द्धक खाना खुवाउने गर्छौं, यस फार्ममा मात्रै होइन चिती खोलाका स्थानीयवासीले नै प्राङ्गारिक मल मात्रै प्रयोग गरी खाद्यवस्तु उत्पादन गर्छन्।"

फार्म स्टेमा प्राङ्ग्रारिक मल आफैँ बनाउने र जैविक खाद्यवस्तु उत्पादन गर्ने गरेका उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "यहाँ कृषि उत्पादन र पशुपालनबाट पाहुनलाई स्वच्छ र स्वास्थ्य खाना खुवाइन्छ, गाउँलाई नै जैविक खाद्यवस्तु उत्पादन र उपयोगमा प्रोत्साहन गरिरहेको छ।" फार्ममै उत्पादित कृषिउपज र पशुपालनबाट उत्पादित दुध, दहीसहितको खाना पाहुनालाई खुवाइने गरिएको उहाँले बताउनुभयो। फार्म सञ्चालनको उद्देश्य गाउँमै बस्ने वातावरण निर्माण गर्नु र रोजगारीको अवसर सिर्जना गर्नु रहेको सञ्चालक अधिकारीले बताउनुभयो। आर्थिक रुपमा आत्मनिर्भर बनाउन यहाँका स्थानीयलाई पनि सहज भएको उहाँले बताउनुभयो। उहाँको फार्ममा जैविक र प्राङ्गारिक मलको उपयोग गरी उत्पादन र पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको स्थानीय धनकुमारी सारु मगरले बताउनुभयो। उहाँले भन्नुभयो, "उहाँ गाउँ फर्किएर फार्म स्टे सञ्चालन गरेपछि यहाँको प्रवर्द्धनमा सहयोग पुगेको छ, बाह्य पर्यटकको आगमन नभए पनि आन्तरिक पर्यटकको आगमन बढ्ने क्रम छ, यसले हामीलाई समेत स्थानीय उत्पादनको बजारको खाँचो छैन।" यहाँ उत्पादित वस्तु यहीँ खपत हुने गरेको स्थानीयको भनाइ छ।

यस फार्म स्टेमा एकै पटकमा करिब २५ देखि ३० जनालाई रातिमा बास बस्न सकिनेछ। अधिकांश कोठामा अट्याच रुम रहेका छन् भने केही कोठामा छैन। यहाँ आउने पाहुनालाई जैविक र स्वास्थ्य खानाबाट स्वागत गर्ने गरिन्छ। जसले पर्यटकलाई आकर्षण गरिरहेको स्थानीयको भनाइ छ।

फार्म स्टेमा पुग्नुभएका नेपाल पत्रकार महासङ्घ तनहुँका अध्यक्ष डिपी अधिकारीले यस फार्म स्टेको बसाई र जैविक खानाले पाहुनालाई लोभ्याउने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "धेरै टाढा पनि छैन, यसले आन्तरिक पाहुनाको आकर्षण केन्द्र बनेको छ, यहाँको सेवा, सुविधा र पाहुनालाई गरिएको स्वागत, सत्कारले पनि लोभ्याउने गरेको छ।"

यहाँबाट विभिन्न हिमशृङ्खला, रमणीय पहाडका टाकुरा देखिन्छन्। यस क्षेत्रको प्रवर्द्धनमा सहयोग पुगेमा ग्रामीण क्षेत्रको पूर्वाधार विकाससँगै उद्यमशीलताको नमूना बनेको छ। ग्रामीण क्षेत्रको पूर्वाधार विकाससँगै उद्यमशीलताको ढोका खुल्ने क्रम बढ्दो छ। स्थानीय पूर्वाधार तथा संरचनाको विकास र प्रवर्द्धनमा पनि ग्रामीण उद्यमशीलताले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। ग्रामीण क्षेत्रको पूर्वाधार विकासले स्थानीयलाई उद्यमशीलतामा जोड्नुका साथै आर्थिक रुपमा सवल बनाउन सहयोग पुगेको छ।

# पर्यटक र पूर्वाधारका पर्खाइमा म्याग्दीको रुघाचौर

पोखरापत्र संवाददाता
म्याग्दी, ३० माघ



म्याग्दीको धवलागिरी गाउँपालिका-१ गुर्जामा पर्ने रुघाचौर पर्यटक र पूर्वाधारको पर्खाइमा छ। म्याग्दी, बागलुङ र पुर्वी रुकुममा फैलिएको ढोरपाटन शिकार आरक्षको वार्से व्लकमा पर्ने रुघाचौर पूर्वाधार र प्रचारप्रसारको कमीले ओझेलमा परेको हो। समुन्द्रि सतहदेखि तीन हजार आठ सय मिटर उचाईमा रहेको रुघाचौर गुर्जा र ढोरपाटन आवत जावत गर्ने पदमार्गको मुख्य नाका हो।

यहाँबाट अन्नपूर्ण, गुर्जा, धौलागिरि, सिस्ने, पुथा, चुरेन हिमाल, सुर्योदय र सुर्यास्तको दृष्य अवलोकन गर्न सकिने धवलागिरी गाउँपालिका-१ गुर्जाका वडा अध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो। विशाल फाँट रहेको रुघाचौरको खर्कमा बर्खा याममा धवलागिरि गाउँपालिकाको मुना, दर, लुलाङ, लमसुङ र खोरीयाका बासिन्दाले गाईभैंसी र भेडाबाख्राको गोठ लैजान्छन्। अन्य समय रुघाचौर सुनसान हुन्छ। "परापूर्वकालमा गोठालाहरूले ढोरपाटन-रुघाचौर-गुर्जा आउजाउ गर्न प्रयोग गरेको बाटो पहिचान गरेर गुर्जादेखि रुघाचौरसम्म पदमार्ग पनि बनाएका छौं", उहाँले भन्नुभयो, "ढोरपाटन आउने पर्यटकलाई रुघाचौरको बाटो भएर गुर्जा ल्याउन र गुर्जा आउने पर्यटकलाई ढोरपाटन लैजाने योजनाका लागि पूर्वाधार बनाउन प्रदेश र संघीय सरकारको साथ खोजेका छौं।" रुघाचौर क्षेत्र दुर्लभ वन्यजन्तु हाब्रे (रेडपाण्डा) को वासस्थान पनि भएको वडा अध्यक्ष छन्त्याललेबताउनुभयो। गुर्जा देखि चार घण्टा पैदलयात्रा गरेपछि रुघाचौर पुगिन्छ। रुघाचौरमा होटल र रेष्टुरेन्ट छैनन्। खानेपानीको अभाव छ। गुर्जादेखि रुघाचौर गुर्जाघाट हुँदै ढोरपाटन घुमेर फर्किएका धवलागिरी गाउँपालिका-७ धारापानीका आस्विन खत्रीले रुघाचौर प्राकृतिक सौन्दर्यको खानी भएको बताउनुभयो। आखै अगाडी देखिने हिमाल, खर्कहरूमा भेटिने वन्यजन्तु, पंक्षीहरू अवलोकन गर्न पाउँदा दंग परेको उहाँले बताउनुभयो।

रुघाचौरमा अस्थायी भएपनि खानेबस्ने सुविधा र पदमार्गमा चिन्ह बनाउनुपर्ने खत्रीले बताउनुभयो। रुघाचौरलाई 'भर्जिन' गन्तब्य बनाउन सकिने सम्भावना छ। रुघाचौरलाई ढोरपाटनको सहायक गन्तब्यको रुपमा विकास गर्नुपर्ने वडा अध्यक्ष छन्त्यालले बताउनुभयो।

गुर्जाको दोप्ताखोलादेखि रुघाचौरको उकालो खण्डमा रु. १५ लाख बजेटबाट तीन किलोमिटर छ सय मिटर पदमार्ग निर्माण गरिएको पनि उहाँले बताउनुभयो। यो पदमार्ग भएर गुर्जा र ढोरपाटनको गुर्जाघाट एकै दिनमा पुग्न सकिन्छ। हिमाल अवलोकन, झरना, तालतलैया, लालीगुराँसको जंगल, वनपैदावार र बन्यजन्तु यो पदमार्गको आकर्षण हो।

# माघ शुक्ल पूर्णिमा : घर घरमा स्वस्थानी व्रत कथा समापन

रासस
काठमाडौं, ३० माघ

पौष शुक्ल पूर्णिमादेखि वैदिक सनातन हिन्दू धर्मावलम्बीले घर घरमा सुरू गरेको एक महिने स्वस्थानी व्रत बुधबार विधिपूर्वक समापन गरिएको छ। माघ शुक्ल पूर्णिमाका दिन आज एक महिना लामो स्वस्थानी व्रत कथा समापन गरिएको हो।

पौष शुक्ल पूर्णिमादेखि विधिपूर्वक स्वस्थानीको व्रत सुरू गरी नित्य मध्याह्नकालमा पार्वतीसहित महादेवको पूजा गरेका देशभरका भक्तजनले आज व्रत समापन गरेका हुन्।

त्यसैदिनदेखि सुरू गरिएको स्कन्द पुराणअन्तर्गत केदार खण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवादलाई स्वस्थानी कथाका रूपमा भन्ने र सुन्ने काम पनि आजैदेखि अन्त्य गरिएको छ। विधिपूर्वक एक महिने व्रत गरेका वर्तालुले माघ शुक्ल पूर्णिमाका दिन आज १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, वस्त्र, भेटी चढाई व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ। चढाइएका प्रसादमध्ये सबैबाट आठ/आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मीत छोरालाई एवम् मीत छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बहाउने व्रत विधि छ।

सय रोटी वर्तालुले फलाहार गरी रातमा जाग्राम बसिन्छ। जाग्रामका समयमा देवीको माहात्म्य सुन्ने सुनाउने गरिन्छ। यसो गरेमा वर्तालुको मनोकाङ्क्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ। स्वस्थानीको शाब्दिक अर्थ आफू बसेको स्थानको देवी भन्ने बुझिन्छ। आफू बसेकी स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो। उत्तरायणपछिको समय ध्यान, योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थान अर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ।

यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ। यस अवसरमा राजधानीको उत्तरपूर्वी भेगस्थित शालीनदीमा भइरहेको माधवनारायण व्रत पनि आज समापन गरिँदै छ। व्रत समापनका लागि अहिले अश्वमेध यज्ञ भइरहेको शालीनदी संरक्षण तथा सुधार समितिका अध्यक्ष विकासमान सिंहले राससलाई जानकारी दिनुभयो। बिहान करिब तीन बजेसम्म यो यज्ञ सकिने समितिले जनाएको छ।


## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला गल्कोट नगरपालिका वडा नं.१० साविक पाण्डवखानी गा.वि.स. वडा नं ८ निवासी भारतीय पेन्सनर भू.पू.सै.नं.५३४८४१० का बल बहादुर थापाकी श्रीमती चन्द्र कुमारी पुन थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर चन्द्र कुमारी पुन थापा, जन्ममिति वि.स. २०२६/०८/०५ तदनुसार सन् १९६९/११/२० र श्रीमान्को भारतीय पेन्सन डकुमेन्टमा श्रीमतीको नामथर चन्द्रा थापा, जन्ममिति २०३७/११/१६ सन् २७/०२/१९८१ भई जन्ममिति फरक-फरक भएता पनि व्यक्ति एउटै भएको भनी गल्कोट नगरपालिका १० नं. वडा कार्यालय, बागलुङको च.नं. ४५ मिति २०७८।०५।१३ गतेको पत्रबाट लेखी आएकाले पेन्सन प्रयोजनका लागि सोही व्यहोरा प्रमाणित गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ अमलाचौरमा सडक निर्माण स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः नारेश्वरडाडा परियार बस्ति हुँदै पधेरोपानी सम्म सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३, अमलाचौर
योजना शुरु मितिः २०८१/०८/१०
योजना सम्पन्न भएको मितिः २०८१/१०/२८
योजनाको कुल लागतः रु. ५,७५,०००/-
महानगरपालिकाबाटः रु. ५,००,०००/-
उपभोक्ता समितिबाटः ७५,०००/-
अध्यक्षः तारा बराल

**नारेश्वरडाडा परियार बस्ति हुदैं पधेरोपानीसम्म सडक स्तरोन्नती उपभोक्ता समिति**
**पोखरा-१३, अमलाचौर**

**रक्तदान जीवनदान**


# गोरखामा खेर गइरहेको बाँझो जमिनमा व्यवसायिक ओखरखेती

पोखरापत्र संवाददाता
गोरखा, ३० माघ

गोरखाको बारपाक सुलिकोट गाउँपालिकामा बर्षौंदेखि बाँझो रहेको ५ सय रोपनी जमिनमा व्यावसायिक ओखरखेती सुरुआत गरिएको छ।

किसानको आर्थिक आयआर्जन बृद्धि गर्नका लागि सुलिकोट ३ स्वाँरा र ४ को सौरपानीमा अनुदान कार्यक्रममार्फत ओखरखेती सुरु गरिएको गाउँपालिका कृषि शाखाका प्रमुख सन्तोष ढकालले जानकारी दिनुभयो। "करिब दुई हजार दुई सयमिटरको उचाइमा रहेको ती दुई क्षेत्रमा जग्गा भएका किसानहरूलाई समेटेर कागतेखर्क बहुउद्देस्सीय कृषक समुह गठन गरिएको छ, उहाँले भन्नुभयो, "सोही समुहमा आवद्ध किसानलाई प्राविधिकको सुझावअनुसार जसको जमिनमा जति वटा बेर्ना लगाउन मिल्छ सोही अनुसार बेर्ना अनुदानमा उपलब्ध गराइएको हो।"

मुख्यमन्त्री नवप्रर्वद्धन कार्यक्रम र गाउँपालिकाको लागत साझेदारीमा किसानलाई २ हजार २ सयवटा ओखरका बेर्ना वितरण गरिएको उहाँले बताउनुभयो। गाउँपालिकाले नै जुम्लाबाट कलमी गरिएको ओखरका विरुवा खरिद गरेर ल्याई किसानलाई वितरण गरेको हो। ओखर खेतीका लागि छनोट गरिएको जग्गालाई चारवटा 'प्लट' बनाएर बेर्ना लगाउन थालिएको उहाँको भनाई छ। किसानहरूलाई वितरण गरिएका बेर्ना प्रत्येक १० मिटरको फरकमा खाडल खनेर आवश्यक मलखादको व्यवस्था गरी किसानहरूले रोप्न सुरु गरिसकेका छन्। अहिले लगाइएको विरुवाले करिब चार बर्षपछि उत्पादन दिन सुरु गर्ने उहाँले बताउनुभयो। "कृषि प्राविधिकसहितको टोलीले माटो परीक्षण गर्दा ती क्षेत्र ओखर खेतीका लागि अत्यन्तै उपयुक्त रहेको पाइयो, उहाँले भन्नुभयो, "भिरालो पानी नजम्ने जमिन र त्यहाँको हावापानी पनि ओखर खेतीका लागि सुहाउदो भएकाले यसबर्षदेखि ओखरी खेतीको थालनी गरिएको हो।" ओखरका विरुवा खरिदका लागि रु १० लाख र ढुवानीका लागि मात्रै एकलाख रुपैया भन्दाबढी खर्च भएको उहाँले बताउनुभयो।


## Galyang Rural Municipality
Galyang, Syangja
Gandaki Province, Nepal

## Request for Quotation

**Date of Publication: 11 Feb 2025 (29th Magh 2081)**

1. Galyang Municipality, Syangja invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S.N | Description | ID | RFQ Document fee | RFQ purchase and submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training | KLGD-RFQ -SQ-SDT -01-081/82 | 1000 | 27 February 2025 at 12.00 PM. | 27 February 2025 at 01.00 PM. |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of Galyang Municipality or may Visit official website www.Galyangmun.gov.np

Damodar Sharma
Chief Administrative Officer
Galyang municipality